# कृषिको नारीकरणः कृषिमा थपिएको चुनौती

✍ सुजाता तामाङ्ग[1]

## परिचय

ग्रामीण नेपाल, सामाजिक तथा आर्थिक परिवर्तनको संक्रमणकालिन अवस्थाबाट गुज्रिरहेको छ । बढ्दो जनसंख्या, घट्दो उत्पादनशील जमिन तथा प्राकृतिक स्रोतमाथिको पहुँच, आर्थिक तथा श्रमको लगानीभन्दा कम उत्पादन, शिक्षा, स्वास्थ्यजस्ता सामाजिक सेवाहरूका लागि बढ्दो नगदको आवश्यकता आदिले गर्दा ग्रामीण अवस्थाको परिवेशमा परिवर्तन देखिन थालेको हो ।

महिला र पुरुषको लिङ्गको आधारमा विभाजन गरिएको परम्परागत भुमिकामा पनि फेरबदल आएको छ । श्रमको हिसाबले योग्य पुरुषहरू काम तथा उच्च शिक्षाको खोजीमा सहर पस्ने तथा विदेशिने क्रमले ग्रामीण जनजीवन र जीविकामा परिवर्तन ल्याएको छ । जसको कारण कृषि कामको जिम्मा बाँकी महिलाहरूको काँधमा आएकोले कृषि कार्यमा नारीकरण बढेको छ । लिंगको आधारमा गरिने काम र जिम्मेवारी बाँडफाँडको आधारमा महिलाहरूमा बढी कृषि तथा घरायसी कामको जिम्मा रहदै आएको भएपनि[i] थियो भने उनीहरूको भुमिका र जिम्मेबारी अझै बढेको छ ।

## कृषिमा नारीकरण

माथि भनेझैं प्रायजसो पुरुषहरू उच्च रकम प्राप्त हुने कृषि या गैरकृषि क्षेत्रमा कामको अवसरको खोजीमा नजिकको सहर र देश बाहिर जाने गरेका छन् र गाँउघरमा महिलाहरू बाँकी रहेका छन् । आजभोली जसको जिम्मा सम्पूर्ण खेतीपाती, वस्तुभाउ, घरायसी काम र घरका अन्य बालबालिका तथा वृद्धवृद्धा सदस्यहरूको हेरचाह गर्नु रहेको छ । यसका साथै महिलाहरूमा दैनिक रूपमा दोहोरिने र निरन्तर गरिरहनुपर्ने घरायसी कामको बोझ पनि कायमै छ । परम्परागत रूपमा भएको लिंगको आधारमा गरिने काम र जिम्मेवारीको बाँडफाँड र सामाजिक संरचनाको कारणले पनि महिलाहरूमा बढी कृषि तथा घरायसी कामको जिम्मा रहेको हो[ii]। एफएओका अनुसार पुरुषहरूको अनुपस्थितिमा खासगरी विकासोन्मुख देशहरूमा कृषिमा काम गर्ने महिलाहरूको संख्या बढ्दै छ । महिलाहरूले घर चलाउने जिम्मेवारीमा सक्रिय भूमिका निर्वाह गर्नका साथै उनीहरूको कृषिमा संलग्नता अझै बढ्दो र गहिरो बन्दै गएको छ[iii] ।

यसरी बढ्दो पुरुष बाहिरिने क्रम तथा सामाजिक संरचना र संस्कृतिले गर्दा कृषिमा महिलाहरूको भूमिकामा बृद्धि हुन गई कृषि कार्यको नारीकरण भएको हो । सामाजिक-आर्थिक परिवर्तनका साथसाथै राज्यका नीतिहरूले गर्दा पनि कृषि कार्यको नारीकरणलाई थप बढावा मिलेको छ ।

## कृषिमा नारीकरणको कारण तथा असरहरूः

पुरुषहरूको बढ्दो बाहिरिने क्रमले परिवारका महिला सदस्यहरूको कृषि कार्यको जिम्मा बढेको छ । परम्परादेखि कृषिको काममा महिलाको जिम्मा खेतबारी तयार गर्ने, रोप्ने, गोडमेल गर्ने, बाली थन्क्याउने, निफन्ने, केलाउने जस्ता नदेखिने तर मसिना काम थिए भने पुरुषको जिम्मामा, खेतीमा सिँचाइ गर्ने, बीउ, विषादी र मल ल्याउने, कृषि औजार (हलो, जुवा) हरू बनाउने, जोत्ने, खन्ने पर्दथ्यो, तर हाल आएर पुरुषहरू बाहिरिने क्रमसँगै पुराना काम बाहेक पनि बजार जाने, मल ल्याउने, विक्रि वितरण गर्ने जस्ता थप जिम्मेबारी महिलामा आएको छ ।[iv]

कृषि तथा सहकारी मन्त्रालयको तथ्यांकअनुसार सन् २०१० मा ७२.८ % महिला र ६०.२% पुरुष कृषि कार्यमा संलग्न थिए[v] भने महिलाहरूको संलग्नता दिनदिनै बढ्दै छ । पुरुषहरूको बढ्दो आप्रवासीदर र गाउँबाट बाहिरिने क्रमले, कृषि पूर्ण रूपमा परिवारका महिला सदस्यमा निर्भर बनिसकेको छ जसले महिलाहरूलाई पहिले गरिरहेको भन्दा बढी भूमिका निर्वाह गर्न बाध्य गराएको छ ।[vi]

विभिन्न आन्तरिक कारणको अलावा भूमण्डलीकरण, यातायात तथा सञ्चारमा भएको विकासले मानिसहरूलाई उत्तम जीविकाको खोजीमा आफ्नो देशभन्दा बाहिर

[1] लेखक खाद्य तथा दिगो खेतीपाती अभियान, फरेष्टएक्सन नेपालमा संलग्न हुनुहुन्छ ।

अस्थायी र स्थायी दुवै रूपमा जान प्रेरित गरेको छ ।[vii] अहिलेसम्म ४० लाख भन्दा बढी युवाहरू आर्थिक अवसरहरू र अन्य सुविधाको खोजीमा नेपाल बाहिर गएका छन् । त्यस्तै सहरी बसाइँको जीवनपद्धतिलाई उच्च ठान्ने युवाहरूको गाउँबाट शहरको बसाई सराई पनि दिनप्रतिदिन बढ्दै छ । खासगरी एकदशक लामो माओवादी युद्धमा युवाहरूको गाउँबाट द्वन्द्वको डरले भाग्ने र सहरमा नै जीवन यापन गर्नेको संख्या पनि उच्च छ । यसले पनि नेपाली कृषि कामको नारीकारण हुनुमा महत्वपूर्ण भूमिका खेलेको छ[viii]।

यद्यपि वैदेशिक रोजगारीको केही सकारात्मक प्रभाव पनि छन् । नेपालको सन्दर्भमा वैदेशिक रोजगारीको रकम राष्ट्रिय आम्दानीहरूमध्येको मुख्य हिस्सा बनेको छ । हाल यो रकमले कुल गार्हस्थ उत्पादनको २०% हिस्सा ओगटेको छ भने ५६% घरले वैदेशिक रोजगारीबाट भुक्तानी प्राप्त गर्दछन्[ix]। त्यस्तैगरी पुरुषहरूको बाहिरिने क्रमसँगै महिला घरमूलीको संख्या पनि बढ्दै गएको छ । नेपालमा उदाहरणका लागि महिला घरमुलीको संख्या बढ्दै गएको छ । तर समग्र कृषि प्रणाली धरासाहि भएको आजको अवस्थालाई मुल्याङ्कन गर्ने हो भने, बैदेशीक रोजगारलाई दिगो विकल्पको रुपमा लिनु घातक हुनेमा कसैको दुई मत नहोला ।

अर्को कुरा कृषिकामको नारीकरणका विभिन्न आयामहरूको खोज तथा विश्लेषण गर्दा सामाजिक वञ्चितीकरणको कारणले पनि भएको हो भन्ने देखिन्छ । महिलाहरू विभिन्न किसिमका जात तथा लिंगमा आधारित विभेदहरू पनि भोग्न बाध्य छन् । ऐतिहासिक रूपमा नेपालमा हेर्दा सामाजिक, राजनीतिक र आर्थिक शक्तिहरू वर्ग, जात, जातीयता र लिंग आदिसँग जोडेर निश्चय गर्ने गरिन्थ्यो । जातीय भेदभाव सन् १९६३ मा उन्मूलन भए पनि अझैसम्म व्यवहारमा यस्ता विभेदहरू देखिन्छ । नेपालमा वर्ग, जात जातीयता र लिंगको आधारमा भिन्न जात तथा पेसाका मानिसहरू विभिन्न स्तरीकृत वर्गहरूमा बाँडिएको र जातीय विभेद रहेको अवस्था थियो । यसले विभिन्न सामाजिक निर्णय र शक्ति, पहुँच तथा भूमिका, आवश्यकता र प्राथमिकताहरूका साथै कृषि कार्यमा समेत असर गर्दछ ।

सामान्य प्रचलनमा जति जात, जातीयता, वर्ग र लिंग (पितृसत्तात्मक सामाजिक स्तरमा पुरुषहरू माथिल्लो स्तरमा हुन्छन्) को आधारमा माथिल्लो या ठूलो भयो कृषिमा काम त्यति नै कम गर्दछन् र महिला तथा तल्लो जात भनिएकाहरू सधैँ तल्लो तहमा पर्दछन् र उनीहरूले नै बढी कृषिको काम गर्नुपर्ने हुन्छ । जुनसुकै जात-जातिको भए पनि महिलाहरू पुरुषहरूभन्दा कम निर्णय गर्ने अधिकार भएको अवस्थामा छन् । सामान्यतः ठूलो जातकाहरू कृषिमा कम काम गर्छन् तर उनीहरूसँग नै बढी कृषि जमिन हुन्छ । यस्तो भूमिका र जिम्मेवारीमा हुने स्तरीकरण र तहले महिलाको निर्णय गर्न अधिकार र सम्पत्तिको अधिकार तथा बाँडफाँड माथिको पहुँच निर्धारणमा भूमिका खेल्दछ ।

कृषिमा महिलाहरूको भूमिका बढ्दो छ तर उनीहरूसँग नै निर्णय अधिकारमा सीमित पहुँच छ । यो खासगरी महिलाको नाममा सम्पत्ति नहुने भएकाले पनि हो । नेपालमा ८९.२% र १०.८% महिलाहरूको नाममा जमिन छ ।[x] नेपालको सबै समुदायमा जमिन तथा अन्य अचल सम्पत्ति पिताबाट छोरामा हस्तान्तरण हुन्छ । त्यसैले पुरुषले भन्दा महिलाले ठूलो आर्थिक असुरक्षा भोग्दछन् किनकि महिला सधैँ छोरी, श्रीमती र आमा रहन्छिन् ।

स्थापित व्यवस्था र स्तरीकरणले गर्दा पुरुष घरमूलीको रूपमा रहन्छ जोसँग सम्पत्ति रहन्छ र उसैमाथि निर्णय गर्ने अधिकार, परिवारका सदस्यहरूको भूमिका निर्धारण गर्ने समेत रहन्छ । पुरुष घरमूली हुने हुनाले महिलाहरूको मुख्य जिम्मामा घर तथा कृषिमा दैनिक रूपमा गर्नुपर्ने कामहरू हुन्छ तर उनीहरूसँग सम्पत्ति तथा निर्णय गर्ने अधिकारमाथि पहुँच हुँदैन । यो अवस्था मुख्य गरी ग्रामीण क्षेत्रमा बढी देख्न सकिन्छ, सहरी क्षेत्रमा भने केही परिवर्तन आएको छ जुन महिलाहरूका लागि राम्रो कुरा हो । पुरुषहरू नै घरायसी तथा सामाजिक जीवनका विविध पक्षहरूमा निर्णय गर्ने स्थानमा हुन्छन् । प्रायजसो घरमूली पुरुष हुने भएकाले उनीहरू घरबाहिर भएको अवस्थामा समेत दैनिक घरायसी निर्णहरू पुरुषहरूले नै गर्ने गर्दछन् । केही महिलाहरूलाई मात्र सामान्य तथा साना निर्णयहरू गर्ने छुट दिइएको हुन्छ । तर हिजोआज पुरुष सदस्यको अनुपस्थितिमा धेरै जीविकोपार्जनका वस्तुहरू महिलाको पहुँचमा हुन्छ । उनीहरूले घरायसी उत्पादन तथा उपभोग्य वस्तुहरू किनबेच गर्न, ऋण लेनदेन गर्न, छोराछोरीको शिक्षामा निर्णय गर्न र अन्य सामाजिक सञ्जालका काम गर्न निर्णय गर्न सक्छन् । तर अझै पनि ठूलो सम्पत्ति किनबेचमा उनीहरूले पुरुष सहपाठीबाट सल्लाह लिनुपर्दछ ।

बढ्दो कृषिमा नारीकरणसँगै महिलाहरू माथि कृषि कार्यको थप बोझ बढेको छ। परम्परागत सामाजिक संरचनाको विभेदकारी कार्य विभाजन पनि एक कारक तत्व हो भन्ने देखिन्छ। महिला तथा पुरुषहरूको दैनिक घरायसी काममा संलग्नताको विश्लेषण गर्दा जन्मँदादेखि नै घरायसी काममा समेत छोरा र छोरीले गर्ने काम फरक हुन्छ भने पुरुष र महिलाले गर्ने काम फरकफरक छन्। सामान्यतया ग्रामीण क्षेत्रमा महिलाले १८ घन्टा काम गर्नुपर्दछ[xi]।

पुरुष सदस्यको अनुपस्थितीमा महिलाहरूले मात्र खेतीपातीमा पर्याप्त समय र हेरचाह दिन सक्दैनन् भने पहिले नै गरेको जति नै खेती गरिराख्न पनि सक्दैनन्। पछिल्लो एक अध्ययनअनुसार खेतीयोग्य जमिनको बाँझिने क्रम गएको २० वर्षमा २५ देखि ३०% सम्म बढेको छ[xii]।

कामको बोझले प्रत्यक्ष रूपमा महिला स्वयं र परिवारका अन्य सदस्यहरूको स्वास्थ्य तथा पोषणमा असर परेको छ। यसले खासगरी महिलाहरूको प्रजनन स्वास्थ्यमा व्यापक असर गरेको छ। सुत्केरी तथा महिनावारीको समयमा कामको बोझले पर्याप्त विश्राम नपुग्दा उनीहरूको स्वास्थ्यमा जटिलता थपिएको छ। आजभोली गाँउघरमा देखिने आङ खस्ने समस्या यसको एउटा बलियो उदाहरण हो। कसरी समयमा बाँकी सदस्यहरूको लागि खाना तयार गर्ने आफ्नो व्यक्तिगत सरसफाइ र हेरचाह गर्ने, मनोरंजनका लागि समय निकाल्ने, अन्य सामाजिक कार्यहरू, भेटघाट र सामाजिक सञ्जालहरूका लागि समय निकाल्ने भन्ने कुरा महिलाहरूका लागि महत्वपूर्ण त छँदै छ यस्तो समय निकाल्न उत्तिकै चुनौतीपुर्ण पनि देखिन्छ। यस बाहेक पनि प्रतिकुल महिला स्वास्थ्यका कारण समग्र कृषि प्रणालीमा असर गर्ने पक्का छ।

अहिले कृषिमा प्रयोग भइरहेका प्रायजसो प्रविधिहरू पुरुषमुखी छन्। हुन त कृषिको आधुनिकीकरणमा उनीहरूको नै प्रमुख भूमिका रहेको अवश्य हो। कृषि औजार तथा प्रविधिहरू कसले चलाउने र कसरी चलाउने भन्नेमा भर पर्दछ जस्तो पुरुषका लागि गह्रौ औजारहरू ठीक हुन्छ भने महिला तथा बच्चाहरूका लागि उपयुक्त हुँदैन[xiii]। आधुनिक प्रविधिहरूले कृषि कामका लागि, भण्डारण तथा भण्डारण पछिका लागि पनि विभिन्न किसिमका औजारहरूको विकास गरेको छ। त्यससँगै कृषि औजारहरूको यन्त्रीकरणले परम्परागत रूपमा पुरुषहरूले सम्हाल्दै आएको कामको भारलाई घटायो भने महिलाहरूको कामको भारको खासै वास्ता राखेन[xiv]। नेपालको पहाडी तथा हिमाली क्षेत्रहरूमा यस्ता आधुनिक औजारहरूको खासै प्रयोग भएको पाइँदैन र प्रयोग गर्न कम सम्भावनाहरू छन् तर पनि अहिलेसम्म विकास भएका स्थानीय परम्परागत औजार तथा प्रविधिहरू पनि पुरुषहरूलाई बढी ध्यानमा राखेर निर्माण गरिएका छन्। जनशक्तिको अभावमा कृषिको यान्त्रिकरणको बहस उठे पनि, महिलाका परम्परागत कृषि कामलाई सहज हुने कृषि यन्त्र खासै भित्रिएका छैनन्। ओझा र साथीहरूको रुपन्देहीमा गरेको एक अध्ययनका अनुसार पनि कृषि यान्त्रिकरणले महिलाको परम्परागत भुमिकामा खासै सजिलोपन नल्याएको भन्ने देखाएको छ। आधुनिक प्रविधिहरूले कृषि कामका लागि, भण्डारण तथा भण्डारण पछिका लागि पनि विभिन्न किसिमका औजारहरूको विकास गरेको छ। त्यससँगै कृषि औजारहरूको यन्त्रीकरणले परम्परागत रूपमा पुरुषहरूले सम्हाल्दै आएको कामको भारलाई घटायो भने महिलाहरूको कामको भारको खासै वास्ता राखेन।

अझ नेपालको पहाडी तथा हिमाली क्षेत्रहरूमा यस्ता आधुनिक औजारहरूको खासै प्रयोग भएको पाइँदैन र प्रयोग गर्न कम सम्भावनाहरू छन्। अहिलेसम्म विकास भएका स्थानीय परम्परागत औजार तथा प्रविधिहरू पनि पुरुषहरूलाई बढी ध्यानमा राखेर निर्माण भएकाले कृषिमा प्रयोग भइरहेका पुरुषमुखी प्रविधिहरूलाई महिला मैत्री बनाउन आवश्यक छ।

## निष्कर्ष

कृषिको नारीकरण गराउने मुख्य कारण सामाजिक संरचना, बढ्दो पुरुष बाहिरिने क्रम र बदलिँदो घरायसी आर्थिक अवस्थाहरू हुन्। संरचनागत हिसाबले समाज वर्ग, जातजातीयता र लिंगका आधारमा सम्बन्धहरू तहगत छन् जुन कृषि क्षेत्रमा पनि उस्तै देखिन्छ। महिला, आदिवासी, जनजाति, दलित समुदायको अहिले पनि कृषि श्रमको क्षेत्रमा ठूलो संलग्नता छ तर त्यत्तिकै मात्रामा उनीहरूको स्वामित्व र पहुँच भने छैन।

पारिवारिक तथा सामाजिक जीवनमा आएको परिवर्तनले ग्रामीण जनजीवनमा प्रभाव पार्दै छ भने यसले व्यक्तिगत तथा पारिवारिक जीवनमा पनि असर बढ्दै छ। बढ्दो महिलाहरूको कृषिमा भूमिकालाई आत्मसात् गर्दै उनीहरूको क्षमता अभिवृद्धि र प्राविधिक

ज्ञानमा वृद्धि गर्नाले वर्तमान पुरुषमैत्री या पुरुषकेन्द्रित प्रविधिहरू महिलामैत्री र सहज बनाउन आवश्यक छ।

जमिन माथिको स्वामित्व, निर्णय गर्ने अधिकार, प्रविधि र सेवाहरूमाथिको पहुँच साथै कृषि व्यवस्थापन गर्ने सीप तथा ज्ञानको वृद्धि आदि महिलाहरूलाई दक्ष बनाउने जस्ता महत्वपूर्ण आधारहरूमा उचित ध्यान पुऱ्याउन जरुरी छ। महिलाहरूको सामाजिक पहिचान, उद्यमशीलता र सम्पत्ति र कृषिका स्रोतमाथिको पहुँच वृद्धि गर्ने खालका नीति तथा कार्यक्रमहरूको निर्माण तथा कार्यान्वयन योजनाले मात्र महिलाहरूले कृषिमा उत्साही महसुस गर्ननुका साथै उनीहरूले कृषिको कामलाई बोझको रूपमा नहेर्ने आत्मविश्वासको वातावरण सिर्जना गर्न सकिन्छ। यसले मात्र कृषिलाई आत्मनिर्भर बनाउँदै कृषिको दिगो विकास सम्भव हुन्छ।

कृषिको नारीकरण गराउने मुख्य कारण लिंग तथा सामाजिक समावेशीकरणको सामाजिक तह, बढ्दो बाहिरिने क्रम र बदलिँदो घरायसी आर्थिक अवस्थाहरू हुन्। गाउँमा वर्ग, जातजातीयता र लिंगका आधारमा सम्बन्धहरू तहगत छन्। आदिवासी, जनजाति महिला, पुरुष तथा दलितहरू वञ्चितीकरणमा परेका छन्। कृषिप्रतिको बढ्दो वितृष्णा र वैकल्पिक आम्दानीको स्रोतको खोजीमा कृषिलाई छोड्दै पुरुषहरू विदेशिँदै छन् भने कृषिका सम्पूर्ण कामहरू महिलाहरूको जिम्मामा परेको छ। महिलाहरूले पहिले पुरुष सदस्य हुँदा गर्ने जति नै खेतीपाती सम्हाल्नु पर्दछ जसले अवश्य पनि कामको भार तथा उत्पादकत्वमा असर गर्दछ।

महिलाहरूको सामाजिक पहिचान, उद्यमशीलता र सम्पत्ति र कृषिका स्रोतहरूमाथिको पहुँच वृद्धि गर्ने खालका नीति तथा कार्यक्रमहरूको आवश्यकता देखिन्छ। महिलाहरूले कृषिमा उनीहरूको काम गर्न उत्साही महसुस गर्ने तथा उनीहरूले कृषिको कामलाई बोझका रूपमा नलिने वातावरणको सिर्जना गर्नुपर्दछ। जमिनमाथिको स्वामित्व, निर्णय गर्ने अधिकार, प्रविधिहरू र सेवाहरूमाथिको पहुँच साथै कृषि व्यवस्थापन गर्ने सीप तथा ज्ञानको वृद्धि आदि महिलाहरूलाई दक्ष बनाउने महत्वपूर्ण आधार हुन्।

_______........

[i] Cornhiel, S. 2006. Feminization of Agriculture: Trends and Driving Forces. Background Paper for the World Development Report. Rimisp-Latin American Center for Rural Development.

[ii] Cornhiel, S. 2006. Feminization of Agriculture: Trends and Driving Forces. Background Paper for the World Development Report. Rimisp-Latin American Center for Rural Development.

[iii] MoAC. 2010. Selected Indicators of Nepalese Agriculture and Population. Kathmandu: Ministry of Agriculture and Co-operatives (MoAC), Government of Nepal.

[iv] The World Bank and DFID. 2006. Unequal Citizens: Gender, Caste and Ethnic Exclusion in Nepal. Kathmandu: The World Bank and DFID, Nepal.

[v] ADB. 2010. Overview of Gender Equality and Social Inclusion in Nepal. Philippines: Regional Office, Asian Development Bank.

[vi] ADS. 2012. "Agriculture Development Strategy". Paper Presented at the Workshop on Agriculture Development Strategy: Citizen's Perspectives. Lalitpur: Agriculture Development Strategy, Ministry of Agriculture and Cooperatives, Nepal.

[vii] The World Bank and DFID. 2006. *Unequal Citizens: Gender, Caste and Ethnic Exclusion in Nepal.* Kathmandu: The World Bank and DFID, Nepal.

[viii] Karki, A. and D. Seddon. 2003. *The People's War in Nepal: Left Perspectives* (Eds). New Delhi: Adroit Publishers

[ix] ADS. 2012. "Agriculture Development Strategy". Paper Presented at the Workshop on Agriculture Development Strategy: Citizen's Perspectives. Lalitpur: Agriculture Development Strategy, Ministry of Agriculture and Cooperatives, Nepal.

[x] वैज्ञानिक भूमिसुधारसम्बन्धी उच्चस्तरीय आयोग २०६७

[xi] Regmi, M. 1999. *Land Ownership in Nepal*

[xii] Paudel KP, Dahal D and Shah R. 2012. Abandoned Agriculture Land in Mid Hills of Nepal, prepared by ForestAction Nepal and IUCN-Nepal for ACIAR/ICRAF 10 October 2012.

[xiii] Shiva, V. 1991. *Most Farmers in India are Women*. A FAO Booklet. New Delhi: FAO.